निर्वाचन आयोग, नेपाल

# जिल्ला निर्वाचन कार्यालय

रूपन्देही

मितिः २०७८।०४।२८

## प्रेस विज्ञप्ति

निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीतिको कार्यान्वयन तथा निर्वाचनमा दुष्प्रचार सम्बन्धी अन्तरक्रिया कार्यक्रम, आज मिति २०७८।०४।२८ गते लुम्बिनी प्रदेशको बुटवलमा सम्पन्न भयो ।

कार्यक्रममा माननीय निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधरले स्वच्छ, स्वतन्त्र, निशपक्ष, विश्वसनीय र मितव्ययी निर्वाचनका लागि निर्वाचन चक्रका सबै चरण र क्रियाकलापहरूमा लैङ्गिक तथा समावेशी पक्षहरुलाई सम्बोधन गर्नु अपरिहार्य रहेको बताउनु भयो । "निर्वाचनमा सबै, सधैं, सँगै" भन्ने आयोगको मूल मर्मलाई आत्मसात गर्दै समन्वय र सहकार्यका क्षेत्रहरू पहिचान गर्नुपर्ने र सो अनुसार प्रतिवद्धताका साथ अगाडी बढ्नुपर्ने भएकाले संलग्न सबै सरोकारवालाको क्षमता समेत विकास गर्नुपर्ने बताउनु भयो । "आयोगको नेतृत्व, सबैको दायित्व" को भावनालाई ध्यान दिदै, मतदाता नामावलीलाई व्यवस्थित बनाउन, मतदान स्थल र केन्द्रको व्यवस्थापन गर्न, मतदाता शिक्षा र नागरिक शिक्षालाई प्रभावकारी बनाउन र लोकतन्त्रको सुदृदीकरण गर्न सरकारी क्षेत्र, राजनीतिक दल, गैरसरकारी संस्था, लैङ्गिक तथा समावेशी समूह लगायत आम नागरिकहरू पनि सशक्त हुनुपर्ने बताउनु भयो ।

कार्यक्रममा निर्वाचन सञ्चालन तथा व्यवस्थापन, निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशीता, नीति कार्यान्वयनका लागि सरोकारवालाको भूमिका र निर्वाचनमा महिला विरूद्ध हुने मिथ्या सूचना, दुष्प्रचार तथा दोषपूर्ण अभिव्यक्ति रोकथाम लगायतका विषयहरूमा प्रस्तुतीकरण भएका थिए । प्रस्तुतीकरण पश्चात सम्पूर्ण सहभागिहरूको संलग्नतामा छलफल र सुझाव संकलन गरी अपेक्षाहरूको सम्बोधन गरिएको थियो ।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख श्री अयोध्या प्रसाद भण्डारीले स्वागत गर्नुभएको उक्त कार्यक्रममा आयोगका उपसचिव सूर्य प्रसाद अर्यालले कार्यकक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो भने विकास साझेदार संस्थाहरू USAID र IFES का प्रतिनिधिहरूले समेत मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा जिल्ला तहमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरू, बुटवल उपमहानगरपालिकाका उपप्रमुख, अन्तर पार्टी महिला सञ्जाल, गैर सरकारी महासंघ, ईलाका प्रशासन कार्यालय, बुटवल, जिल्ला समन्वय समिति, रूपन्देही लगायत संस्थाका प्रतिनिधिहरू, अपाङ्गता भएका व्यक्तिहरू, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरू, आयोग सचिवालयका कर्मचारी, IFES का प्रतिनिधि र जिल्ला निर्वाचन कार्यालय रूपन्देहीका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

जिल्ला निर्वाचन अधिकृत



सिद्धार्थनगर नगरपालिका - ८, भैरहवा, रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल । फोन नं. ०७१-५७३७१२

ईमेलः deo.rupandehi@election.gov.np, ec.deo.rupandehi@gmail.com facebook.com/deo.rupandehi